हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : २२२ पृष्ठ : ४ २०७७ चैत्र ०१ गते आइतबार (Sunday 14 March 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## सुरक्षा निगरानी बढाउन मिर्चैया क्षेत्रमा सिसिटिभी जडान गरिने

**सिरहा** । सिरहाको व्यापारिक सहर मिर्चैया आसपासका क्षेत्रमा सिसिटिभी क्यामेरा जडान गरिने भएको छ ।

मिर्चैया प्रहरीले आसपासका क्षेत्रमा सुरक्षा निगरानी बढाउन सिसिटिभी जडानको लागि प्रस्ताव अघि सारेको हो । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इप्रका मिर्चैयाले बिहीबार आयोजना गरेको एक कार्यक्रममा इलाकामा पर्ने स्थानीय तहका जनप्रतिनिधि र व्यापारीहरू समक्ष यसका लागि प्रस्ताव गरेको छ ।




दुर्घटना न्यूनिकरण, आपराधिक क्रियाकलापमा कमि ल्याउन तथा यस क्षेत्रको सुरक्षा व्यवस्था अझ दुरूस्त बनाउन सिसिटिभी जरूरी रहेको भन्दै मिर्चैया प्रहरीले सिसिटिभीको प्रस्ताव गरेको हो । सिसिटिभी जडानका निम्ति आर्थिक व्यवस्थापनका लागि प्रहरीको प्रस्तावपछि कार्यक्रममै समिति पनि गठन भएको छ ।

मिर्चैया नगरपालिकाको संयोजकत्वमा गठित समितिमा प्रहरीका प्रतिनिधि, विभिन्न स्थानीय तहका जनप्रतिनिधि र उद्योग वाणिज्य संघ मिर्चैयाका प्रतिनिधिसहित स्थानीय व्यापारीहरू रहेका छन् ।

इलाकामा पर्ने मिर्चैया नगरपालिकासहित कर्जन्हा नगरपालिका, गोलबजार नगरपालिका र नरहा गाउँपालिकाका जनप्रतिनिधि तथा व्यापारी सम्मिलित आर्थिक व्यवस्थापन समितिले चाँडै नै यो कार्यको थालनी हुने बताएको छ । मिर्चैया बजार क्षेत्रका मुख्य-मुख्य स्थानसहित अन्य २० बढी ठाउँमा सिसिटिभी अत्यावश्यक देखिएको र

बाँकी ३ पेजमा

## आर्थिक मामिला मन्त्री यादवद्वारा बचत तथा ऋण सहकारी संस्थाको उद्घाटन

फिरोज शेख

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-३ परिहारपुर चौकमा रहेको प्रधान कार्यलय जनक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार एक कार्यक्रमका बीच प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवद्वारा उदघाटन गरिएको छ ।



सहकारीको उदघाटन गर्दै मन्त्री यादवले सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बताए । उनले शेयर सदस्यहरूलाई व्यवसायिक बनाउनेतर्फ सहकारीको योजना केन्द्रित हुनुपर्ने औल्याउँदै सहकारी बचत गर्ने र ऋण लगानी गर्नेमा मात्र सीमित हुनुनहुने बताए ।

बाँकी ४ पेजमा

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

साविक **मोडेल एजुकेशनल एकेडमी सिरहा प्रा. लि.** (दर्ता नं. ७७९९४) लाई कम्पनीको मिति २०७६/०७/२० को विशेष साधारण सभाको निर्णय वमोजिम कम्पनीको नाम परिवर्तन गरि **नेपाल आइडियल एजुकेशनल एकेडमी प्रा .लि.** अंग्रेजीमा **Nepal Ideal Educational Academy Pvt. Ltd.** मा कायम गरिएको छ। साथै श्री कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०७६/०७/२६ मा स्वीकृति समेत प्रदान गरेकाले साविकको कम्पनीको नामको इजाजत, सम्पति तथा दायित्व परिवर्तित नामको कम्पनीले नै सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र कुनै पनि किसिमको समस्या पर्न गएमा लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय जवाफ देहि हुनेछ।

## घर भाडामा चाहिएमा




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्र्याक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्र्याक्टर, कार-जिप, मोटरसाइकल शोरुम-वर्कशप, बैंक-बित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर-कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ-संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना
मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०
कुशवाहा चौक, लहान-३ नं. रोड
सोनालिका ट्र्याक्टर रहेको घर



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# जीवनदेखि जेलसम्म : जेलदेखि जीवनसम्म

**राजेश विद्रोही**

**ती दिन यी दिन**

यति बेला मन्दिरमा अधिकांश समय पूजापाठमा बिताउने वामपन्थी मुनिबाबा कुनै समय मजदुर आन्दोलनका कमान्डर हुन् । सिरहाको लहानका उनको हाराहारी उमेरका मानिसहरूले मुनिबाबाका बारेमा धेरै रोचक र घोचक कुरा गर्छन् । अहिले पनि उनको मन्दिर परिसरमा राजनीतिक व्यक्तिदेखि स्थानीय मजदुर वर्गको लाम लागेको हुन्छ । राधाकृष्ण मन्दिर उनको आश्रम हो जसको केही मिटर पश्चिममा ठूलो मुसहर बस्ती छ ।

गाउँ वरपर मिश्रित जातिको बसोबास छ। मुनिबाबाको संघर्षदेखि अहिलेसम्मको जीवन यहीँ बितेको छ । उनी एक समयको मेयरका उम्मेद्वार पनि हुन् । २००७ सालमा सिरहाको खौरकियाही पथरगाडामा जन्मेका बाबाको बुबाको नाम बच्चु यादव हो भने आमाको नाम रेशमीदेवी । पाँच वर्षकै उमेरमा उनी बुबाआमाको काख छोडेर बाजे नेनिलाला दाससँग आश्रममा बस्न थाले । ११ वर्षको हुँदा बुबा बितेपछि उनको बाल्यकाल बाजेकै संरक्षणमा बित्यो । बाजे नेनीलालले सानैदेखि धर्मको पाठ सिकाए । पशुपति माविबाट कक्षा १० पास गरे पनि आर्थिक अभावका कारण उनले एसएलसी दिन सकेनन् ।

**बाबा यसरी बने कम्युनिस्ट**

२०३१/३२ सालतिर उनको सक्रिय राजनीतिक जीवनको सुरूआत हुन्छ । २०२८ सालमा पहिलोपटक महादेव साह, भोला पासवान, ब्रह्मदेव मण्डल आदिसँग उनको संगत भयो । महादेव र भोलाहरूको समूह कम्युनिस्ट विचारको थियो । त्यो वामपन्थी समूहसँग मुनिबाबाको ठूलै राजनीतिक बहस सुरू भयो। कैयन रात बहसमै बिते । बाबाको विचार अध्यात्मवादी तर भोलाहरूको विचार ठीक उल्टो । त्यसैले पनि ठूलै घम्साघम्सी हुन्थ्यो ।

मुलुकमा एकात्मक निरंकुश राजतन्त्रात्मक व्यवस्था थियो । पुलिस प्रशासनको चलखेल उस्तै बढेको। थाहा पाए सबैको हरिबिजोग । बहस छलफलले पनि मौनता साँधेको अवस्था । सानैदेखि धार्मिक क्रियाकलापमा घुलमिल र सक्रिय मुनिबाबा यति सजिलो कहाँ पराजित हुन्थे र ? कम्युनिस्ट साथीबाटै निकै विरोध खप्नु पऱ्यो । 'संसारमा भौतिकवाद ठूलो कि अध्यात्मवाद ?', मुनिबाबा भन्छन्, 'ठूलै शास्त्रीय बहस चल्यो। बहसले वैचारिक संकटमा फस्थें । के गरौं न गरौं हुन्थ्यो । कतै गलत रूपमा समाजलाई सेवा त गरिरहेको छैन ? भन्ने महसुस हुन्थ्यो ।'

रातदिन मनमा बेचैनी छाउँथ्यो उनको । निद्रा पनि पर भाग्थ्यो । अन्त्यमा मार्क्सवादी वैज्ञानिक विचारले मन जित्यो उनको । 'त्यसपछि त कम्युनिस्ट भएछु । अन्तमा, दुवै विचार अँगाल्छु र दुवै विचारलाई सेवा गर्छु भनेर अठोट गरें', उनी सम्झन्छन् । २०३२ सालतिर नेकपा संयुक्तका महासचिव विष्णुबहादुर मानन्धरको हातबाट मुनिबाबालगायत कम्युनिस्ट पार्टीको रातो टीका निधारमा लगाउन पुग्छन् । पार्टी सदस्यता लिन्छन् । लहानमा मजदुर संगठनहरु गठन गर्छन् । शान्तिसुरक्षाको नाममा उनी पटक-पटक प्रहरी चौकीमा पुग्छन्। अनेकन यातना भोग्छन् ।

**मजदुर आन्दोलनको नेतृत्व**

नयाँ राजनीतिक वैचारिक जोशजाँगरका साथ लहानमा मजदुर संगठन र आन्दोलन दुवैको आकार ठूलो हुन पुग्छ । बाबाले नेतृत्व गर्न थाल्छन्। मुनिबाबाको आश्रम कम्युनिस्ट आन्दोलनको अखडा बन्न पुग्छ । साथीसँग मिलेर मुनिबाबा लहानमा मजदुर संगठन र स्टाफ युनियनजस्ता पार्टीका भ्रातृसंगठन गठन गर्छन् । सभापतिमा सबैले उनैलाई चयन गर्छन् । त्यसपछि मिलमा काम गर्ने मजदुरलाई साथ दिन थाल्छन् । सडक संघर्षका दिन सुरू हुन्छन् अर्थात् गरिब, दलित र मजदुर वर्ग निकै पीडित रहेको महसुस गर्छन् बाबा । आन्दोलन थालेपछि गरिब, दलित र मजदुरका अनुहारमा मुस्कान देखिन थाल्छ । श्रीमती र छोराको संस्कार गर्न कारागार फर्किने गरी कागज गरेर घर जान्छु भन्दा पनि मुनिबाबाका अनेक प्रयास काम लागेनन् ।



> श्रीमती र छोराको संस्कार गर्न कारागार फर्किने गरी कागज गरेर घर जान्छु भन्दा पनि मुनिबाबाका अनेक प्रयास काम लागेनन् । सिडिओदेखि जेलरसम्मको एउटै स्वर हुन्थ्यो, 'श्री ५ महाराजाधिराजको आदेश छ । जान मिल्दैन । तिमीहरु अराष्ट्रिय तत्व हौ । बिदा चाहिन्छ भने पञ्चायती व्यवस्था स्वीकार गरेको कागजमा हस्ताक्षर गर ।'

सिडिओदेखि जेलरसम्मको एउटै स्वर हुन्थ्यो, 'श्री ५ महाराजाधिराजको आदेश छ । जान मिल्दैन । तिमीहरु अराष्ट्रिय तत्व हौ । बिदा चाहिन्छ भने पञ्चायती व्यवस्था स्वीकार गरेको कागजमा हस्ताक्षर गर ।'

आन्दोलनकै क्रममा २०३९ सालतिर लहानका मागिलाल खेतान लगायतकाले सम्पत्तिको लोभमा जगदीश ठाकुरलाई सुन चोरीको आरोप लगाउँछन् । प्रहरी चौकीमा निवेदन दिन्छन् । सेटिङमा प्रहरी हिरासतमै यातना दिएर ठाकुरको हत्या गर्छन् । घटनाले बाबालाई मर्माहत तुल्याउँछ । बाबाको नेतृत्वमा पूरै मजदुर संगठन र नागरिक समाज आन्दोलित हुन्छ । सक्रियतासँगै आश्रमस्थलमा पनि चहलपहल बढ्छ । मधेस आन्दोलन होस् वा वर्तमान समय आश्रम आश्रयस्थल बनेकै छ ।

पञ्चायती व्यवस्था हुँदै २०४२ सालमा बाबाको समूहले पार्टीको निर्देशनमा पटकपटक मजदुर आन्दोलन गऱ्यो । दिनभर काम गरेबापत मजदुरले १० रूपैयाँ पाउँथे । मजदुरलाई परिवार धान्न धौधौ पर्थ्यो । ज्याला बढाउन प्रत्येक वर्ष मिलमा मजदुर आन्दोलन गर्नुपर्थ्यो । आन्दोलनकै बलमा मिलका मालिकहरूसँग वार्ता सम्वाद हुन्थ्यो । पटकपटक गरी मजदुरको कामनुसारको मजदुरी (तलब) १ देखि ४ रूपैयाँ पुग्थ्यो । आन्दोलनमा थुप्रै गरिब र मजदुर प्रहरीको गिरफ्तारीमा पर्थे । जमानतमा छुटाउने काम गर्थे बाबाले । बाबा पनि पटकपटक जेल परे । भन्छन्, 'कतिपटक गिरफ्तारीमा परें कतिपटक थुनिएँ, गन्ती गरेर साध्य छैन ।

**पञ्चायती व्यवसायविरूद्ध सत्याग्रह**

तत्कालीन पञ्चायती व्यवस्थाविरूद्ध सत्याग्रह अभियान चल्यो । कांग्रेसको त्यो अभियानलाई नेकपा संयुक्तले पनि समर्थन गऱ्यो । बाबाको पार्टी नेकपा संयुक्तले पनि 'जेल भरौं अभियान चलायो । २०४२ जेठ २२ गते । सिनेमा सकिएपछि 'त्यहाँ मान्छे धेरै हुन्छ त्यहीं नारा जुलुस लगाउँछु' भन्ने योजनामा बाबाको समूह अगाडि बढ्यो । प्रशासनलाई थाहा भइसकेको रहेछ भनेर उनीहरूलाई थाहै भएन । हलभित्रैबाट उनीहरूले पञ्चायती व्यवस्था मुर्दावाद भन्दै नारासहित बाहिर निस्किन थाले । मुनिबाबा र बेचु सोर्नकार गिरफ्तारमा परे, सिरहाको कारागार पनि पुऱ्याइए ।

सिरहा जेलमा बाबाको मातृका यादवलगायत थुप्रै राजबन्दीसँग भेट जेलमै हुन्छ । जेल परेको केही दिनमै श्रीमती सुगियादेवी घरमै सुत्केरी हुन्छिन् । २०३८ सालमा सामाजिक परम्परानुसार विवाह गरेका मुनिबाबा छोरोका बुबा बन्न पुग्छन् । जेलमा साथीहरूले भोज मागेपछि बाबाले खुसीको भोज खुवाउँछन् । दुर्भाग्य सुत्केरी भएको चार दिनमै श्रीमतीको मृत्युको खबर आउँछ । उनी जेलमै शोकमा डुब्छन् । निस्कन खोजे तर कुनै उपाय लागेन । श्रीमतीको अन्तिमपटक मुख हेर्ने रहर यसै तुहिन्छ । दैवको लीला पनि कस्तो ! १५ दिनपछि त्यो सानो छोरोको पनि मृत्युको खबर जेलमै आइपुग्छ । नवजात छोराको न मुख हेर्न पाउँछन् न अन्तिम संस्कार गर्न नै ।

श्रीमती र छोराको संस्कार गर्न कारागार फर्किने गरी कागज गरेर घर जान्छु भन्दा पनि बाबाका अनेक प्रयासले पनि केही लागेन । सिडिओदेखि जेलरसम्मको एउटै स्वर हुन्थ्यो, 'श्री ५ महाराजाधिराजको आदेश छ । जान मिल्दैन । तिमीहरु अराष्ट्रिय तत्व हौ । बिदा चाहिन्छ भने पञ्चायती व्यवस्था स्वीकार गरेको कागजमा हस्ताक्षर गर । सदाका लागि जेलमुक्त हुन्छौ । महाराजाधिराजको आदेश यही हो ।' देश र जनताका लागि मुनिबाबाले परिवार होइन, जेल रोजे ।

**जेलमा बाबाको भोक हडताल**

जेलमा बन्दीहरुले सेवासुविधाका लागि हडताल गरेपछि केही दिनमा कारागारभित्र सिडियो चन्द्रीकानन्द खरेल आफैं उपस्थित भए । सबैलाई सबै कुरा भने । बाबालाई तिमी पढेलेखेका विद्वान् मान्छे हौ यस्तो काम छोड । कांग्रेस र कम्युनिस्टहरु अराष्ट्रिय तत्त्वहरु हुन्, तिमीले जे भन्छौ त्यो गरिदिन्छु । जागिर भने राम्रो जागिर लगाइदिन्छु । यस्तै आश्वासन पनि दिए । बाबाले स्वीकारेनन् । जेल नै रोजे, भावनालाई तिरस्कार गरे । जेलमा पत्रपत्रिका पढ्ने र लत्ताकपडा आदि केही सुविधा दिँदैनथ्यो । राजबन्दीहरूको नाममा आउने लत्ताकपडालगायतका सुविधा सिडिओ र जेलरले मिलेर नजिकै रहेको भारतको नाका जयनगरमा लगेर बेची खान्थ्यो ।

राजबन्दीहरूले त्यो कुरा थाहा पाएपछि जेलभित्रै भोक हडताल सुरू गरे । तीन दिनपछि सिडिओ चन्द्रिकानन्द खरेलको जेलभित्र आगमन भयो । 'तिमीहरु बाहिर पनि हडताल गर्ने अनि भित्र पनि ?' भन्दै उनले जेलभित्रै मुनिबाबा, मातृका यादव, इन्द्रनारायण मण्डल, कासिम अन्सारी, मोहम्मद, रासलाल मण्डल, सत्यनारायण महतो, चन्दर यादव, मुक्ति मण्डल, योगी ठाकुर आदिलाई लाइन लगाएर सैनिकबाट निर्मम यातना दिन लाए । सिडिओसँग मातृकाजीको झगडा पनि पऱ्यो । चर्काचर्की बहस भयो । त्यसपछि राजबन्दीहरूलाई एकनासे सुविधा दिन थाले । राजबन्दीहरुले पाउने लत्ताकपडादेखि एक नम्बर चामल र पत्रपत्रिका दिन थाल्यो । त्यसैबेला किसानका चर्चित नेता सूर्यनाथ राणलाई जेलबाट मार्न उदयपुरको बेल्टारतिर लगे । उनलाई लानेबेला 'जल्ती हुऐ दिपको मुझ्ने नही देना कमरेट लोग । अब हम जारहा हुँ । पुलिस लोग हमेको मार्नेके लिए ले जारहा है ।'

सूर्यनाथ राणले जोरजोरले हल्ला गरेको त्यो आवाज सबैले सुने । त्यसको केही दिनमै उदयपुरको बेल्टारस्थित जंगलमा लगेर उनलाई आँखामा पट्टी बाँधेर गोली हानी हत्या गरेको खबर आयो । सबै राजबन्दी शोकमा डुबे। आलोपालो सकिने दिन आए भन्ठानेर केही राजबन्दीमा निराशा पनि छायो । दुःखद खबरले जेलको वातावरणमा पूरै सन्नाटा छायो । भविष्य र जीवन सबै राजबन्दीका लागि अन्योलमा थियो । जेल बसाइ नौ महिना भएको थियो । संविधान दिवसको दिन २०४२ पुस १ गते एक्कासि रिहा गर्ने खबर आयो । रिहा हुनेहरु सबै खुसी हुन्छन् ।

**पारिवारिक कहानी**

बाबा २८ वर्षको हुँदा २०२८ सालमा उनका बाजेको निधन भयो । एक्लो र बेसहारा महसुस गरे उनले । बाबा भन्छन्, 'बाजेको निधन मेरा लागि भगवान्कै निधन भएजस्तो भयो ।' त्यसपछि आश्रमको जिम्मेवारी बाबा र उनको आमाको काँधमा थपियो। बुबालाई उनले १२ वर्षमै गुमाएका थिए । बाजेको मृत्युपछि आमालाई गाउँबाट आश्रममै ल्याएर राखे । दाजुभाइ गाउँमै बसे । अहिले बाबा बस्ने आश्रम गनुरदासको आफ्नै थियो । बाजेको गुरूभाइ गनुरदासले आश्रमको नाममा १० कट्ठा जग्गा दान दिएका थिए । त्यही १० कट्ठामै राधाकृष्ण मन्दिर छ । अहिले पनि संघर्षपूर्ण जीवन बाँचिरहेका बाबाको आश्रमको जग्गामा बसोबास गरेको भनेर पटकपटक केही विपक्षी सोचका मानिस दुःख दिँदै आएका छन् । जग्गाको मूल्य बढेपछि अहिले संरक्षण गर्ने

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहला । नयाँ व्यक्तिसंग भेटघाट हुनेछ । छोटो दुरीको लाभदायक यात्रा पनि रहला ।

**वृष** :- आफ्नो विचार विपरित निर्णय हुनसक्छ । गरेका काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरी समेत आउन सक्छ ।

**मिथुन**:- व्यवसायको सन्दर्भमा आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । साथीभाईसंग समय बित्नेछ ।

**कर्कट** :- विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ ।

**सिंह**:- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला । आर्थिक कारोवारमा सफलता पाइएला ।

**कन्या** :- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । शिक्षामा सफलता मिल्नेछ । महत्वपूर्ण कामको थालनी हुनेछ ।

**तुला** :- कला, सङ्गीतमा रूचि बढ्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । घर, जग्गाको कारोबारमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- राजनीतिक कार्यमा ख्याती कमाउने योग छ । सन्तान सुख मिल्नेछ । व्यापार व्यवसायमा वृद्धि हुनुका साथै आम्दानीका स्रोतपनि बढ्नेछन् ।

**धनु** :- आज मनमा शान्ति र अनुहारमा कान्ति छाउने छ । समाजसेवामा मन लाग्नेछ । शत्रु पराजित हुने छन् । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**मकर**:- आज सहकर्मीबाट विरोध आउला । गलत निर्णय लिन पुगिएला । चोटपटकको भयछ सचेत रहनुहोला । यात्रामा मालसामान हराउन सक्छ ।

**कुम्भ**:- आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । रोकिएको धन हात पर्ला । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ ।

**मिन** :- शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ ।

# तिन महिने नि: शुल्क कम्प्युटर तालिम सम्पन्न

फिरोज शेख/रोहित कु. मण्डल

लहान । लहान नगरपालिका-८ का वडा सदस्य सुरेश कुमार साहले नगरपालिकाले उपलब्ध गराएको करिब एक लाख ५० हजार पारिश्रमिक भत्ताबाट वडाका युवा तथा विद्यार्थीलाई स्वरोजगार, आत्मनिर्भर र प्रविधि ज्ञान सिकाइमा दक्ष बनाउने उदेश्यले सुरु गरेको तिन महिने आधारभूत ( बेसिक ) नि: शुल्क कम्प्युटर तालिम शनिबार विधिवत रूपमा सम्पन्न भएको छ ।



तालिममा सहभागी कक्षा ८ देखि कक्षा १२ सम्मका ९० जना विद्यार्थीहरूलाई वडा सदस्य साह र प्रशिक्षक श्याम कुमार महतोले प्रमाण-पत्र सहित उज्जवल भविष्यको शुभकामना सहित विदाई गरेका छन् । वडा सदस्य साहले बेरोजगार युवालाई तालिमले स्वरोजगार बन्न र आत्मनिर्भर हुन सहयोग पुग्याउने भन्दै तालिमभर अनुशासित, लगनशील र मर्यादित भई ज्ञान लिएका सहभागी विद्यार्थीलाई माथि उकास्न तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन् । समापन कार्यक्रममा वडा सदस्य साहले पछाडि परेका समुदायलाई प्रविधि र ज्ञान सिकाइ प्रतिस्पर्धाबाट सक्षम बनाउन आवश्यकता अनुसार विभिन्न कार्यक्रम तथा तालिमहरूको आयोजना गर्दै जाने योजनाहरू रहेको समेत बताए । चार वटा कम्प्युटर खरिद गरी सुरुवात गरिएको उक्त तालिममा दैनिक ७ सिफ्ट कक्षा संचालन गरि प्रविधि सम्बन्धी तालिम गराइएको प्रशिक्षक श्याम कुमार महतोले जानकारी दिए । तालिममा सहभागी युवायुवतीहरुले तालिम अवधिभर कम्प्युटर सम्बन्धी सिकाइ भएको प्रतिक्रिया दिएका छन् ।

# पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सम्पन्न

लहान । जिल्लाको लहान नगरपालिका-२२ जहदी वडा कार्यलयको प्रांगणमा पशु स्वास्थ्य तथा बाँझोपन निवारण सम्वन्धि एक दिने नि:शुल्क शिविर सम्पन्न भएको छ ।



लहान नगरपालिका पशु विकास शाखाको आयोजनामा शनिबार सम्पन्न शिविरमा २ सय २५ घरधुरीका पशुचौपायाको बरिष्ठ पशु चिकित्सकहरूबाट स्वास्थ्य उपचार गरिएको पशु शाखा अधिकृत रामकृष्ण यादवले जानकारी दिएका छन् ।

शिविरमा नाम्ले, जुका, चर्चरे तथा भ्यागुते रोग लागेका ७ सय ३५ पशु चौपायाको नि:शुल्क मेडिकल उपचार गर्नुका साथै औषधी तथा भिटामिन समेत उपलब्ध गराइएको थियो । यसैगरी शिविरमा ५ सय गाई, भैसी, गोरू र बाख्रालाई भ्याक्सिनेशन गर्नुका साथै तिन वटा कुकुरलाई एन्टी रेबिज भाक्सिनसँगै पाँच वटा गोरू र ३० वटा बोकाको बन्ध्याकरण पनि गरिएको अधिकृत यादवले जानकारी दिए । लहान २२ का वडाध्यक्ष विन्देश्वर यादवबाट शिविरको उदघाटन गरिएको थियो ।

यता लहान नगरपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत हुने दुई वटा पशु शिविरमा दक्षिणी भेगका कृषकहरूलाई लक्षित गरी आयोजित पहिलो शिविर सम्बन्धी सूचना नपाउँदा त्यस भेगका कृषकहरु आ-आफ्नो पशु चौपायालाई स्वास्थ्य उपचार गराउनबाट बञ्चित भएको स्थानीय बिनोद प्रसाद यादवले गुनासो गरेका छन् ।

## सुरक्षा...

आवश्यकता अनुसार थप गर्न सकिने प्रहरीको प्रस्तावनामा उल्लेख छ ।

सिसिटिभी अहिलेको प्रविधिको युगमा नभई नहुने चिज भइसकेको र यसले इलाका क्षेत्रमा हुन सक्ने तस्करी, चोरी, लुटपाट, लागूऔषध र हातहतियार करोबार, अपराधिक घटना जस्ता कार्यहरू नियन्त्रण र निगरानी गर्न तथा फरार अभियुक्तहरूसमेत समात्न मद्दत पुग्ने विश्वास मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठको छ ।

सिसिटिभी क्यामेराहरूको नेपाल प्रहरीले २४सै घण्टा निगरानी गर्ने भएकाले यस क्षेत्रका सम्पूर्ण गतिविधिहरू हेरिने र आपराधिक घटनामा कमी आउने उनले विश्वास व्यक्त गरे ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# 'प्रजातन्त्रको स्थायीत्वका लागि कम्युनिस्टसँग लड्नुपर्ने बेला आयो' : देउवा



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कम्युनिस्ट पार्टीविरूद्ध लड्नुपर्ने बेला भएको बताएका छन् ।

शनिबार नेपाली कांग्रेसको केन्द्रीय महिला विभागले आयोजना गरेको महिला भेला तथा प्रशिक्षणलाई सम्बोधन गर्दै देउवाले एकदलीय सर्वसत्तावाद लाद्न खोजिएकाले प्रजातन्त्रको स्थायीत्वका लागि कम्युनिस्टसँग लड्नुपर्ने बेला आएको बताए ।

कम्युनिस्टहरु प्रजातन्त्रको खिलाफमा रहेको दाबी गर्दै देउवाले नेपालमा कसैले हटाउन नसक्ने स्थायी प्रजातन्त्र स्थापना गर्नुपर्नेमा जोड दिए ।

'प्रजातन्त्र सबैभन्दा महत्वपूर्ण कुरा हो अहिले । सरकारको कस्तो प्रजातान्त्रिक संस्कार ?' उनले भने, 'कम्युनिस्ट एकदलीय सर्वसत्तावाद लागू गर्न चाहान्छ ।'

ओलीले झुठा नारा दिएर, जनतालाई बहकाएर, महिलाहरूलाई बहकाएर आफू सत्तामा बसिरहन खोजेको देउवाको दाबी थियो । नेपाली कांग्रेसले कसैले आक्रमण गर्न नसक्ने गरी प्रजातन्त्रलाई स्थायी बनाउन आवश्यक रहेको देउवाले बताए । आफूहरूले २००७ सालमा प्रजातन्त्रका लागि लडेको, पञ्चायतविरूद्ध लडेको स्मरण गर्दै अहिले कम्युनिस्टविरूद्ध लड्नुपर्ने बेला आएको बताए । देउवाले कांग्रेसबाहेकका पार्टीहरु प्रजातान्त्रिक नभएको जिकिर गरे ।

'२००७ सालमा राणाको खिलाफमा प्रजातन्त्रका लागि लडेका हौं हामीले । पञ्चायतको खिलाफमा प्रजातन्त्रकै लागि लडेका हौं । अहिले पनि कम्युनिस्टको खिलाफमा प्रजातन्त्रकै लागि लड्नुपर्ने बेला भएको छ,' देउवाले भने, 'प्रजातन्त्रको खिलाफमा उनीहरु छन् । तर, हामीले नेपालमा स्थायी प्रजातन्त्र, कसैले हटाउन नसक्ने प्रजातन्त्र स्थापना गर्नु छ ।'

देशको राजनीति अत्यन्तै तरल अवस्थामा रहेको भन्दै उनले कांग्रेसले लोभ र हतार गर्नुनहुने बताए ।

'नेपालको राजनीति अत्यन्तै तरल अवस्थामा छ । हाम्रो पार्टीले धेरै हतार गर्ने, लोभ गर्ने काम पनि छैन,' उनले भने, 'परिस्थिति पर्‍यो भने जिम्मेवारीबाट भाग्ने काम पनि छैन ।'

कांग्रेसमा महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको उल्लेख गर्दै उनले महिलालाई आकर्षित गर्न नसकिएसम्म पार्टीको जित नहुने बताए । महिलालाई संविधानले दिएको अधिकार कांग्रेसले पनि दिएको भन्दै देउवाले गर्दै महिलाले पार्टीलाई हराउन तथा जिताउन सक्ने बताए ।

## आर्थिक...

मन्त्री यादवले प्रदेश सरकारसँग मिलेर आर्थिक विकासमा समेत सहकारीलाई काम गर्न सुझाउँदै आर्थिक कारोबारको नाममा जनतालाई घरबारविहीन बनाउने सहकारीलाई कारबाही गरिने बताए । पुर्वमन्त्री राजलाल यादव, जसपाका केन्द्रिय सदस्य राकेश झा, भगवानपुर गाउँपालिका अध्यक्ष बेचन यादव र जसपाका जिल्ला उपाध्यक्ष राकेश रोशन गुप्ताले सहकारी ग्रामीण क्षेत्रका जनताको विश्वासिलो वित्तीय संस्थाका रूपमा विकास हुँदै गएको बताउँदै सहकारीको गरिमालाई जोगाउन सहकारीले राम्रो काम गर्नुपर्ने बताए । उदघाटन कार्यक्रममा जनक बचत तथा ऋण सहकारी संस्थाले दुई जना जेष्ठ नागरिक र एक जना साहित्यकार नारायण मधुशालालाई सम्मान गरेका छन् । २०७७ माघ २६ गते स्थापना भएको सो सहकारीले एक लाख १५ हजार ८ सय पुँजीबाट आफ्नो यात्रा सुरूवात् गरेको थियो । तर अहिले १ सय ३६ शेयर सदस्य सहित कुल पुँजी ६० लाख रहेको र लहान भन्दा दक्षिण बजारका शेयर सदस्य र व्यवसायीहरूलाई लक्षित गरी सहकारीको स्थापना गरिएको अध्यक्ष कविता कुमारी यादवले बताइन । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका संचालक ध्रुव नारायण यादवले सहकारी संस्थाका बारेमा जानकारी गराएका थिए भने कार्यक्रम संचालन संचारकर्मी रामभरोसी महतोले गरेका थिए । कार्यक्रममा जसपाका नेता तथा कार्यकर्ता लगायत स्थानीय संघ-संस्थाका प्रतिनिधि, संचारकर्मीको उपस्थिती थियो ।

## जिवनदेखि...

मुनिबाबालाई हटाउनुपर्छ कि त तह लगाउनुपर्छ भनेर पटकपटक विभिन्न किसिमका समस्या र तनाव दिने काम भइरहेछन् ।

**बाबाको दोस्रो विवाह**

२०४४ सालमा बाबाले दोस्रो विवाह सिरहाकै औरहीको करहर्वा निवासी असर्फी यादवकी छोरी कुसुमदेवी यादवसँग गरे । अहिले बाबाको तीन छोरी र दुई भाइ छोरा छन् । छोराछोरीलाई राम्रोसँग पढाए, हुर्काए । आश्रममै पारिवारिक जीवन चलेको छ । बाबा आफू सधैं सत्यको बाटोमै अडिग रहेको र अडिग रहिरहने बताउँछन् । भन्छन्, 'बाजे र उनका गुरूभाइले देखाएको सत्यको बाटो हिंड्न कहिले छोड्ने छैन । बाबाले जीवनमा थुप्रै विद्रोह, आन्दोलन र क्रान्ति, देखे र भोगे तर त्यसबाट सृजित सन्दर्भ भने बेइमानी मात्र भएको ठान्छन् । बाबाले रोजेको सत्य बाटोकै कारण उनी आश्रमबाट विश्राम लिन सक्दैनन् । लुट्ने, ठग्ने र भ्रष्टाचार गर्ने अनि पद प्रतिष्ठाका लागि मरिहत्ते, जालझेल र षड्यन्त्र गर्ने कुरा बाबाले कहिले गरेनन् । आध्यात्मिक शक्तिले यस्तो गर्न नसक्ने तर्क उनको छ । भन्छन्, 'सँगैका कम्युनिस्ट साथीहरु मेयर, सांसद, मन्त्री बने। तीनपुस्ते जीवनलाई पुग्ने सम्पत्ति जोडे । त्यो बेला त्यस्तो गर्‍यौं तर अहिले सबै क्रान्तिकारीहरु सामन्तहरूको गधा बनेका छन् ।' मुलुकमा कम्युनिस्टहरु च्याउझैं उम्रेपछि पछिलो समय बाबाको राजनीतिक यात्रामा फेरबदल आयो । परिस्थितिसँगै २०३२ सालमा नेकपा संयुक्तको सदस्यता लिएपछि २०४८ सालमा सबै साथी नेकपा एमालेमा प्रवेश गरे । २०६३ सालमा लहानका मेयर मुनि साहसहितको समूह राष्ट्रिय जनमोर्चामा विश्वनाथ साहको नेतृत्वमा प्रेश गरे। २०६९ नेकपा माओवादीमा प्रवेश गरे ।

बाबा भन्छन्, 'म खुसी र सुखी दुवै छु । विगतको संघर्षमा पछुतो छैन । पहिला जस्तो जीवन थियो अहिले पनि त्यस्तै छ । खुसी र सुखी छु ।' सँगैका साथी पदमा पुगे पनि बाबालाई हेर्नसम्म आश्रममा नआएकोमा भने उनको गुनासो छ । 'जीवनलाई कसरी लिने भन्ने हो । पदमा भए पनि खुसी र सुखी भएन भने के अर्थ ? मलाई त योभन्दा सुन्दर जीवन अरु के हुन्छ र ? सबैथोक छ', मुनिबाबा भन्छन् ।*साभार : अन्नपूर्ण पोस्टबाट*


## माइग्रेसन हराएको सूचना

**घरबाट काठमाण्डौं जाँदै गर्दा मिति २०७७/१०/१५ गते मेरो निम्न व्यहोरा भएको माइग्रेसन हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुनका लागि यसै सूचना मार्फत अनुरोध गर्दछु ।**

**नाम :सावित्री कुमारी महरा**
**ठेगाना :अर्नमा गाउँपालिका-३,सिरहा**
**रजिष्टेशन नं. ७४१६४१२३९**
**सिम्बल नं. ३१६०१४७६**
**सम्पर्क मो. ९८१९९३६४६४**

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर  जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७  राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)